# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (आठौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः २०७८।०२।२८ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ११:४४ बजे  प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ, । माननीय सदस्यहरु सर्वप्रथम म राष्ट्रिय जनमोर्चा केन्द्रीय कार्यालय तथा राष्ट्रिय जनमोर्चा संसोधित दलको गण्डकी प्रदेशको मिति २०७८-२-२८ को प्राप्त पत्र अनुसार राष्टिय जनमोर्चाको तर्फबाट गण्डकी प्रदेशको वाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ (ख) बाट प्रत्यक्ष निर्वाचित गण्डकी प्रदेश सभाका माननीय सदस्य श्री कृष्ण थापालाई नेपालको संविधान ७२ राजनीतिक दल सम्बन्धी ऐन ७३ तथा गण्डकी प्रदेश सभा निमावली ७४ बमोजिम निजको प्रदेश सभाका सदस्य माननीय श्री कृष्ण थापालाई प्रदेश सभा सदस्यको पदबाट हटाई उहाँको पद रिक्त गरिदिने व्यहोराको सूचना प्राप्त हुन आएकोले राजनीतिक दल ऐन ७३ को परिच्छेद ६ दफा ३५ को उपदाफा १ बमोजिम यस सभा समक्ष जानकारी गराउदछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु के थियो हजुरहरुको ?

**माननीय मायानाथ अधिकारी**

गण्डकी प्रदेश सभाको वैठक संचालन सम्बन्धी नियमावली र हाम्रो परम्परा अनुसार वैठकमा सधैं नै माननीय मन्त्रीको उपस्थितिमा वैठक संचालन हुने गर्छ । आज माननीय मन्त्रीज्यूको उपस्थिति छैन, मन्त्रीज्यूको उपस्थिति विनै प्रदेश सभाको वैठक कसरी संचालन हुन गर्छ ? के आज नयाँ नियम हामीले बनाएको छ र ?
यसकारण प्रदेश सभा नियमानुसार माननीय मन्त्रीज्यूको उपस्थिति नभएको हुनाले आजको वैठक चल्न नसक्ने कुरा म अनुरोध गर्न चाहन्छु ।

साथै म थप्न चाहन्छु, आजको प्रदेश सभाको वैठक हिजो विश्वासको मत लिइसकेपछि हामीसँग कुनै सल्लाह नगरिकन राखियो र विश्वासको मतको निर्णय भईसकेपछि त्यसलाई स्वाभाविक रुपले प्रदेश सभा सचिवालयले प्रदेश प्रमुखको कार्यमा लेख्नु पर्नेमा अहिले एजेण्डा बनाएर ल्याउनु भएको छ, त्यो कुरा कुनै आवश्यक कुरा पनि थिएन, कुनै सल्लाहको विषय पनि होइन त्यसै कारणले हामीले मन्त्रीको उपस्थिति विनाको वैठकमा हाम्रो सहभागी हुन सक्दैन, त्यसमा हाम्रो असहमति रहेको कुरा म जानकारी गराउन चाहन्छु ।

**माननीय सभामुख**
माननीय सदस्यहरु, यो प्रदेश प्रमुखलाई पत्र लेख्ने कुरामा संविधानमा र हाम्रो नियमावलीमा कतै पनि त्यो उल्लेख भएको रहनेछ । पत्र त लेख्ने कमसे कम यो प्रदेशलाई सभालाई त्यो पत्रको जानकारी गराउने र एउटा तपाईंहरुले माग गरे अनुसार दुई वटा मात्रै हामीले कार्यसूची बनाएका थियौं ।
बिचमा एउटा आयो अब सम्बन्धित दलको कुरा हो त्यो त, अब त्यसो भएको हुनाले यो पत्र अनुसार गरम भन्ने हो, अब मानीयहरुको अवरोध नै हुने हो भने अब के भन्ने अब ? एउटा त नियमावली सम्बन्धी तपाईंहरुले पहिले नै माग गर्नुभएको थियो अर्को प्रदेश प्रमुखलाई ।

**माननीय मायानाथ अधिकारी**
यसमा हाम्रो सहमति छैन, हामी वैठकमा सहभागी हुँदैनौं । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक २०७८ साल जेठ ३० गते आइतबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।